# बराहताल गाउँपालिकाको शिक्षा ऐन, २०७५

## प्रस्तावना

देशको सर्वाङ्गीण विकासका साथै बालबालिका र युवाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाईद्रारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष योग्य सीपयुक्त जनशक्ती उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कायम राख्न यस बराहताल गाउँपालिका भित्र स्थापना भई सञ्चालन भईरहेका तथा स्थापना हुने विधालयहरुको व्यवस्थापनमा सुधार गर्दै विधालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ को उपधारा (४) र स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ बमोजिम बराहताल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१• संक्षिप्त नाम र प्रारम्भः१) यो ऐनको नाम बराहताल गाउँपालिकाको शिक्षा ऐन, २०७५ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२• शिक्षा व्यवस्थापन सम्वन्धमाः१ ) आधारभुत र माध्यमिक शिक्षा व्यवस्थापन गर्न नेपालको संविधान, संघिय कानून र प्रादेशिक तथा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ मा भएका प्रावधानअनुसार गाउँपालिकाले गर्ने गराउनेछ ।

२) उपदफा (१) बमोजिम कार्यान्वयन गर्न गराउन गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधि वा निर्दिशिका बनाउन सक्नेछ ।

३. वर्तमन नियम कायम रहनेः १) गाउँकार्यपालिकाले बिभिन्न मितिमा शिक्षा सम्बन्धी नीति तथा नियम पारित गरी कार्यान्वयन भए गरेको काम यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

२) उपदफा १) अनुसार बनेको नियमावली अनुसार भएका सबै कार्यहरु यसै ऐन अनुसार भएको मानिनेछ ।